कर्णाली प्रदेश सरकार
भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
**पशुपन्छी विकास निर्देशनालय सुर्खेत**
**प्रस्ताव आह्वानको सूचना**

प्रकाशित मिति २०८१।०८।२४

यस निर्देशनालयको आ.व. २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार गरिव तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम सञ्चालनका लागि भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले तयार पारेको कृषि तथा सहकारी सम्वन्धि कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि २०८१मा भए बमोजिम हुने गरी गरिव तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम सञ्चालन गर्न इच्छुक सुर्खेत जिल्लाका गरिव तथा विपन्न वर्गलिले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र तपसिलमा उल्लेखित विवरण सहितको आवेदन फाराम यस निर्देशनालयमा कार्यालय समय भित्र सिलवन्दी प्रस्ताव दर्ता गर्नु हुन प्रस्ताव आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

| क्र.सं. | कार्यक्रमहरु | वजेट रु | कार्यक्षेत्र |
|---|---|---|---|
| १ | गरिव तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम | ३६०००००। | सुर्खेत जिल्ला प्रदेश सभाका १ निर्वाचन क्षेत्र १ कार्यक्रम, प्रति निर्वाचन क्षेत्र रु ९०००००। (नौ लाख मात्र) |

प्रस्तावका साथ सम्मिलित हुनुपर्ने कागजातहरु:

१. रु.१० को टिकट सहितको आवेदन ।
२. आफ्नै उत्पदानले वर्षको तिन महिना मात्र खान पुग्ने अवस्था भएका एउटै टोल समुदायको कम्तिमा १५ घरधुरी समेट्ने गरी समुह गठन गर्नुपर्नेछ र सो समुहलाई अति गरिव विपन्न वेरोजगार समुदाय हो भनी सम्वन्धीत स्थानिय तह र स्थानिय तह पशु सेवा शाखाको सिफारिस पेश गर्नुपर्नेछ ।
३. आफुले संचालन गर्ने पशुपन्छी तथा मत्स्य सम्वन्धी कार्यक्रमको विस्तृत कार्ययोजना तयार गरी पेश गर्नु पर्ने छ ।
४. समुहको अध्यक्षको नागरिकताको प्रतिलिपी ।
५. कार्यक्रम संचालनको लागी समुहको निर्णयको प्रतिलिपी ।
६. विगत ३ आर्थिक वर्षमा कुनै पनि सरकारी निकायबाट सोहि प्रकृतिको कार्यक्रममा अनुदान लिएको समुदायलाई छनौट प्रकृयामा समावेस गरिने छैन । साथै सो समुदायले गत विगत ३ वर्षमा कुनै पनी सरकारी अनुदान नलिएको भनि सम्वन्धित स्थानिय तहको सिफारिस पेश गर्नुपर्नेछ ।
७. अन्य छुट भएका विषयहरु भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतले तयार पारेको कृषि तथा सहकारी सम्वन्धि कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि २०८१ मा व्यवस्था भए वमोजिम हुनेछ ।

थप जानकारीको लागि यस निर्देशनालयको वयभ साइड dold.karnali.gov.np मा हेर्न सकिने छ साथै फोन नं. ०८३-५२०२८८ ,०८३ ५२३५५६ र ०८३५२०९३७ मा सम्पर्क गर्न सकिने छ ।

**कृष्णप्रसाद पंगेनी**
**नि. निर्देशक**

CamScanner